# रिब्दीकोट गाउँपालिका
# गाऊँ कार्यपालिकाको कार्यालय
# खस्यौली, पाल्पा

०७५६२००५५,०७५६९२३०७८
Email: ribdikot.rm@gmail.com
website: www.ribdikotmun.gov.np


प.सं.:– ०७५/७६
च.नं.:–

मिति :२०७५/१०/२८

## प्रेस विज्ञप्ति

**रिब्दीकोट गाउँ कार्यपालिकाको मिति २०७५ साल माघ २१ गतेको बैठक बाट भएका मुख्य मुख्य निर्णयहरु ।**

- खस्यौली प्राथमिक स्वास्थ्य केन्द्र बाट गुणस्तरीय स्वास्थ्यसेवा प्रदान गर्न एक थानUltrasonagraphy मेशिन खरिद गर्ने ।
- विद्यालयहरुको माग तथा आवश्यकता र औचित्यता समेतका आधारमा देहायका विद्यालयहरुको भौतिक निर्माण तथा गुणस्तर सुधारका लागी देहायका कार्यहरु गर्ने निर्णय भएको ।
  (क) प्रभात मा.वि. पालुङ्गमैनादी तथा सरस्वती मा.वि. खस्यौलीमा **पुस्तकालय निर्माण** ।
  (ख) भवानी मा.वि. कुसुमखोला, ज्ञानमाला मा.वि. फेकमा **विज्ञान पुस्तकालय** ।
  (ग) भैरवजनता मा.वि. तथा सरस्वती मा.वि. खस्यौलीमा **WASH सहितको शौचालय** ।
  (घ) आर्दश मा.वि. लघुवा तथा भाष्कर मा.वि. ठिमुरे मा **ICT**।
- कक्षा ८ को आधारभुत तहको परिक्षा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्य विधि २०७५ स्वीकृत भएको ।
- २०७५ साल माघ २९ गते सार्वजनिक सुनुवाई गर्ने निर्णय भएको ।
- धुर्मस सुन्तली फाउण्डेसन तथा भरतपुर महानगरपालिकाको संलग्नतामा भरतपुरमा निर्माण हुन लागेको अन्तराष्ट्रियस्तरको गौतमवुद्ध रंगशाला निर्माणका लागी गाउँ सभाकासदस्य, तथा कर्मचारी बैठकको निर्णय अनुसार सबै कर्मचारीको (स्वैच्छिक रुपमा) एक दिनको तलब योग दान गर्ने तथा सबै विद्यालयका शिक्षक तथा अन्य संघ संस्थामा कार्यरत कर्मचारीलाई एकदिनको तलब योगदान गर्न आव्हान गर्ने तथा अन्य इच्छुक रिब्दीकोट वासीबाट स्वैच्छिक रुपमा योगदान गर्न अनुरोध गरी संकलित रकम कार्यक्रम आयोजना गरी हस्तान्तरण गर्ने व्यवस्था मिलाउने ।
- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत भारतीय दुतावासको योजना सहयोग का लागि आव्हान भएकोमा ऐतिहासिक , धार्मिकस्थल भैरवस्थान मन्दिर परिसरमा धर्मशाला निर्माणका लागी गाउँपालिका तथा मन्दिर व्यवस्थापन कोषबाट २० प्रतिशत साझेदारी गर्ने गरी बढीमा ३ करोड सम्मको योजना मन्दिर व्यवस्थापन समिति मार्फत माग गर्ने ।
- प्रति वडा दुई जोडी ज्येष्ठ दलित नागरिकलाई उपयुक्त स्थानमा तिर्थाटन र गाउँपालिकामा स्थानिय १० वटा दिवा सेवा केन्द्रहरु मार्फत भजन कृतन, नाचगान लगाएत) कार्य गर्ने गरी गैसस मार्फत समन्वय, व्यवस्थापन र सहजीकरण गरी कार्यक्रम गर्ने ।
- एकल तथा एकल आश्रित उधमशील महिलाको व्यावसायिकता विकास , उत्पादनको वजारीकरण, पूजी निर्माण, घरेलु तथा साना उधम कार्यमा सहयोग गर्न न्यून ब्याज (वार्षिक ३ प्रतिशत) ऋण प्रवाह गर्न एकल तथा **एकल आश्रित उधमशील महिला कोष २०७५ कार्यविधि पारित भएको ।**
- कृषिमा युवा जन शक्तिलाई आर्कषित गर्न र कृषि पेशामा टिकाई राख्न टमाटरमा अनुदान सहकारी मार्फत विक्रीको तथ्याकका आधारमा अनुदान वितरणका लागि **टमाटरमा फसल उत्पादनमा आधारित अनुदान कार्यविधि** २०७५ पारित भै कार्यान्वयमा आएको ।